## विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु

(प्रतिनिधि सभा नियमावली, २०७9 को नियम ११4 सँग सम्बन्धित)

विधेयकको नामः **अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, 2048 लाई संशोधन गर्न बनेको विधेयक**

प्रस्तुतकर्ताः सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हालः सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार):**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| 1. | मा. श्री प्रेम बहादुर महर्जन |
| 2. | मा. श्री पूर्ण बहादुर तामाङ |
| 3. | मा. श्री रमा कोइराला पौडेल |
| 4. | मा. श्री ध्रुव बहादुर प्रधान |
| 5. | मा. डा. श्री अमरेश कुमार सिंह |
| 6. | मा. श्री रघुजी पन्त |
| 7. | मा. श्री मेटमणि चौधरी, मा. श्री शेर बहादुर कुँवर, मा. श्री भानुभक्त जोशी, मा. श्री राजेन्द्र प्रसाद पाण्डे |
| 8. | मा. श्री तेजुलाल चौधरी |
| 9. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार गौतम |
| 10. | मा. श्री माधव सापकोटा |
| 11. | मा. श्री उदय शम्शेर ज.व.रा. |
| 12. | मा. डा. श्री सुनिल कुमार शर्मा |
| 13. | मा. श्री हेम राज राई |
| 14. | मा. श्री प्रेम सुवाल |
| 15. | मा. श्री अर्जुन नरसिंह के.सी. |
| 16. | मा. श्री रामहरि खतिवडा, मा. श्री पूर्ण बहादुर तामाङ |
| 17. | मा. श्री श्याम कुमार घिमिरे |
| 18. | मा. श्री नारायणी शर्मा |
| 19. | मा. श्री रोशन कार्की |
| 20. | मा. श्री गगनकुमार थापा |
| 21. | मा. श्री आरजु राणा |
| 22. | मा. श्री विद्या भट्टराई |
| 23. | मा. श्री सुमना श्रेष्ठ |
| 24. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे |
| 25. | मा. श्री डोल प्रसाद अर्याल |
| 26. | मा. श्री विनोद कुमार चौधरी |
| 27. | मा. श्री महेश कुमार बर्तौला |

**<u>संशोधनको विवरण:</u>**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| 1. | मा. श्री प्रेम सुवाल | प्रस्तावना | विधेयकको प्रस्तावनामा देहायबमोजिमको व्यवस्था गर्नु पर्नेः<br>"राज्यको चौथो अंग सञ्चार माध्यममा भ्रष्टाचारका विषय लगातार प्रकाशित भइरहेको र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा अर्बौं रुपैयाँको असुल उपर गर्नुपर्ने बेरुजु र भ्रष्टाचारका विषय प्रकाशित भइरहेको हुँदा भ्रष्टाचारमा संलग्न भएका सबै तहका पदाधिकारी र अधिकारीलाई कार्वाई गरी सजाय दिन आवश्यक भएकोले" |
| 2. | मा. श्री प्रेम बहादुर महर्जन | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) को सट्टा देहायको उपखण्ड (8) तथा उपखण्ड (9) थप गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(8) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सानी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,"<br>"(9) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था," |
| 3. | मा. श्री अमरेश कुमार सिंह | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) को सट्टा देहायको उपखण्ड (8) तथा उपखण्ड (9) थप गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(8) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सानी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,"<br>"(9) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था," |
| 4. | मा. श्री रघुजी पन्त | 2 | विधेयकको दफा 2 को उपदफा (1) अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) र (ङ) थप गरी खण्डक्रम मिलाउनु पर्नेः<br>"(घ) आयुक्तहरुले नियुक्ति हुनासाथ आफु र आफ्नो एकाघरका परिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्नेछ।"<br>"(ङ) आयुक्तहरुले आफ्नो पदावधी समाप्त भए पछि फेरी आफ्नो र एकाघरको सम्पत्ति सार्वजनिक गर्नु पर्नेछ।" |
| 5. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 2 | • विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (3) मा "यस्तै प्रकृतिका" भन्ने शब्दहरुको स्पष्ट उल्लेख हुनुपर्ने साथै सोही उपखण्डको "वा शैक्षिक संस्था" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (6) मा "उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• मूल ऐनको दफा 2 अन्तर्गत खण्ड (ट) पछि देहायबमोजिमको खण्ड (ठ) थप गर्नु पर्नेः<br>"(ठ) नियन्त्रित अनुसन्धान प्रविधी, गुप्त कारवाही अनुसन्धान, सुराकी वा अनुसन्धान सुत्रको परिभाषा गर्नुपर्ने।" |

| | | | |
|---|---|---|---|
| | मा. श्री तेजुलाल चौधरी | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) र (9) हटाउनु पर्ने । |
| 7. | मा. श्री उदय शम्शेर ज.व.रा. | 2 | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (2) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"नेपालको संविधान, 2072 को भाग 21 धारा 239 मा व्यवस्था गरिएको 'सार्वजनिक पद धारण गरेको व्यक्ति' लाई स्पष्ट हुने गरी सार्वजनिक र निजी क्षेत्रको स्पष्ट किटान गर्ने र अन्य ऐन संग नवाझिने गरी संशोधन गर्ने। सम्पूर्ण क्षेत्र र पदलाई सार्वजनिक रुपमा व्याख्या गरिंदा निजी भन्नाले....?" |
| 8. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) र (9) हटाउनु पर्ने । |
| 9. | मा. श्री प्रेम सुवाल | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) मा देहायबमोजिमको उपखण्ड (9) थप गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(9) अर्बौं रुपैयाँभन्दा बढी पुँजी भएको निजी कम्पनी" |
| 10. | मा. श्री अर्जुन नरसिंह के.सी. | 2 | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (7) हटाउनु पर्ने । |
| 11. | मा. श्री श्याम कुमार घिमिरे | बुँदा 2 | • विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) मा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैङ्क, वित्तीय संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल, अन्य महाविद्यालय वा कलेज, सार्वजनिक सेवा प्रवाह गर्ने पब्लिक लिमिटेड कम्पनी वा" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (9) हटाउनु पर्ने । |
| 12. | मा. श्री रामहरि खतिवडा, मा. श्री पूर्ण बहादुर तामाङ | दफा 2<br>बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा विधेयकको संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) को सट्टा देहायको उपखण्ड (8) तथा उपखण्ड (9) थप गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(8) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सानी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,"<br>"(9) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था," |
| 13. | मा. श्री रोशन कार्की | 2 | विधेयकको दफा 2 को उपदफा (1) मा देहायको व्यवस्था गर्नु पर्नेः<br>"आयोगको आयुक्त नियुक्त गर्दा गैरराजनीतिक व्यक्तिलाई खुल्ला प्रतिस्पर्धाबाट नियुक्त गराउनु पर्दछ, अख्तियारको कर्मचारी नियुक्ति गर्दा विगतका क्रियाकलाप राम्रोसँग अनुसन्धान गर्न छानविन समिति गठन गर्नु पर्दछ" |
| 14. | मा. श्री गगनकुमार थापा | बुँदा 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (8) हटाउनु पर्ने । |
| 15. | मा. श्री आरजु राणा | 2 | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (2) मा "कम्पनी" भन्ने शब्द हटाउनु पर्ने साथै सही उपखण्डको "बैङ्क, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै सङ्गठित संस्था" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 16. | | 2 | |

| | | | |
|---|---|---|---|
| | मा. श्री विद्या भट्टराई | | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (2) मा "अस्पताल" भन्ने शब्द पछि ",शहरी स्वास्थ्य केन्द्र" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 17. | मा. श्री सुमना श्रेष्ठ | 2 | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को सट्टा देहायबमोजिमको खण्ड (ङ) को व्यवस्था गर्नु पर्नेः<br>"(ङ) सार्वजनिक संस्था" भन्नाले देहायको संस्था वा निकाय सम्झनु पर्छ:<br>(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,<br>(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, विशेष ऐनबाट स्थापित र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,<br>(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा समिति,<br>(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,<br>(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानतप्राप्त संस्था,<br>(६) उपखण्ड (२), (३), (४) वा (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,<br>(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन, उपयोग वा उपभोग गर्न वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,<br>(८) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सनी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,<br>(९) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था,<br>(१०) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था।" |
| 18. | मा. श्री डोल प्रसाद अर्याल | 2 | विधेयकको दफा 2 को उपदफा (4) अन्तर्गत मूल ऐनको दफा 2 को खण्ड (छ) कायम राख्नु पर्ने। |
| 19. | मा. श्री विनोद कुमार चौधरी | 2 | • विधेयकको दफा 2 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (घ) को उपखण्ड (2) मा "कार्यकारिणी" भन्ने शब्द पछि ", न्यायीक" भन्ने शब्द राख्नु पर्ने ।<br>• विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (2) को सट्टा देहायबमोजिमको उपखण्ड (2) को व्यवस्था गर्नु पर्नेः<br>"(2) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहने गरी प्रचलित कानून बमोजिम स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद, बैङ्क, विद्यालय, कलेज, विश्व विद्यालय, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रक्रितिका अन्य कुनै सङ्गठित संस्था।" |

| | | | |
|---|---|---|---|
| | | | • विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (6) हटाउनु पर्ने । |
| 20. | मा. श्री महेश कुमार बर्तौला | 2 | विधेयकको दफा 2 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 2 को उपदफा (3) अन्तर्गत खण्ड (ङ) को उपखण्ड (6) पछि देहायको उपखण्ड (7) को व्यवस्था गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(7) सर्वसाधारण नागरिकको सेयर रहेको पब्लिक लिमिटेड कम्पनी तथा जनताको हितका लागि भनि सरकारी तथा अन्तराष्ट्रिय सहयोग रकम लिई सञ्चालन हुने गैह्रसरकारी संस्थाहरुलाई समेत सार्वजनिक संस्थाको परिभाषामा समेटने " |
| 21. | मा. श्री रघुजी पन्त | 3 | • विधेयकको दफा 3 अन्तर्गत मूल ऐनको दफा 4 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 4 को उपदफा (1) पछि देहायबमोजिमको उपदफा (2) थप गरी देहायबमोजिमको व्यवस्था गर्नु पर्नेः<br>"(2) (क) बढीमा तीन वर्षभित्र यस्ता मुद्दाहरु टुङ्ग्याउनु पर्नेछ,<br>(ख) मुद्दा चलाइएका वा कारवाहि गरिएका व्यक्तिहरु अदालतबाट निर्दोष सावित भएमा उनिहरुले क्षतिपुर्तिका लागि अदालतमा मुद्दा हाल्न पाउनेछन।"<br><br>• विधेयकको दफा 3 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा "समितिले गरेको" भन्ने शब्दहरु पछि "मनासिव आधार खुलेको र सरकारलाई आर्थिक भार वा नोक्सान नपर्ने" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 22. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा "वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 23. | मा. श्री हेम राज राई | 3 | विधेयकको दफा 3 अन्तर्गत मूल ऐनको परिच्छेद २ को शिर्षकको सट्टा देहायबमोजिम शिर्षक राख्नुपर्ने ।<br>"**परिच्छेद २**<br>**"आयोगको आयुक्तहरूको नियुक्ति तथा अधिकार क्षेत्र सम्बन्धी व्यवस्थाहरू**"<br>मूल ऐनको दफा 4 को व्यवस्थालाई दफा 4 को उपदफा (2) कायम गरी दफा 4. (1) मा देहायबमोजिमको व्यवस्था गर्नु पर्नेः<br>"४. (१) आयुक्तहरूको नियुक्ती सम्बन्धी व्यवस्थाः संविधानको धारा २३८ ले व्यवस्था गरे बमोजिम आयुक्तहरूको नियुक्ति गर्दा तपसील अनुसार गर्नेः<br>(क) अख्तियार दुरूपयोग वा भ्रष्टाचारको अभियोगमा सजाय नपाएका व्यक्ति<br>(ख) भ्रष्टाचार विरूद्धको सामाजिक अभियानमा ख्याति कमाएका व्यक्ति<br>(ग) ख्याति प्राप्त पूर्व न्यायाधीस<br>(घ) निजामति शेवा वा सार्वजनिक संस्थाका पूर्व कर्मचारीका हकमा पदावधी समाप्त भएको मितिले ३ बर्ष पार गरी सकेका " |
| 24. | मा. श्री प्रेम सुवाल | बुँदा 3 | • विधायन समितिको प्रतिवेदनको बुँदा 3 अन्तर्गत मूल ऐनको दफा 4 को उपदफा 1 को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) अन्तर्गत उपखण्ड (1) मा "वा सो अन्तर्गतका समिति" र "वा सो अन्तर्गतका समितिको बैठकबाट" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 3 अन्तर्गत मूल ऐनको दफा 4 को उपदफा 1 को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) अन्तर्गत उपखण्ड (3) हटाउनु पर्ने । |
| 25. | मा. श्री अर्जुन नरसिंह के.सी. | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा उल्लेखित नीतिगत निर्णयको स्पष्टता हुनुपर्ने साथै सोको परिभाषा देहायबमोजिम हुनुपर्नेः<br>"संविधान, राज्यको निर्देशक सिद्धान्त, आमजनता र राष्ट्रहितका लागि अपरिहार्य र आवश्यकता भएको तर प्रचलित कानून वा |

| | | | |
|---|---|---|---|
| | | | नीतिले नसमेटेको देशको निमित्त अत्यावश्यक निर्णयनै नीतिगत निर्णय हो।" |
| 26. | मा. श्री रोशन कार्की | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा देहायको व्यवस्था गर्नु पर्नेः<br>"सबै कुराहरु अख्तियारको अनुसन्धानको दायरा भित्र पार्नु पर्दछ।" |
| 27. | मा. श्री गगनकुमार थापा | 3 | • विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) पछि देहायबमोजिमको उपदफा (2) थप गर्नु पर्नेः<br>"(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नीतिगत निर्णय भनि आयोगले अनुसन्धानको दायरा वाहिर राखेका वा तामेलीमा राखेका घटनालाई यस ऐन र प्रचलित कानून बमोजिम आयोगले अनुसन्धान गर्न,गराउन वा निज उपर मुद्दा चलाउन सक्नेछ।"<br>• विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा "वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समिति वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 28. | मा. श्री सुमना श्रेष्ठ | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) पछि देहायबमोजिमको उपदफा (2) थप गर्नु पर्नेः<br>"(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को प्रयोजनको लागि देहायको विषयमा भएका निर्णयलाई नीतिगत निर्णय मानिने छैन:-<br>(क) प्रचलित कानून बमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रुपमा लागू नहुने र सार्वजनिक रुपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय,<br>(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णय,<br>(ग) प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नु पर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय।" |
| 29. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) पछि देहायबमोजिमको उपदफा (2) थप गर्नु पर्नेः<br>"(2) आयोगले नेपाल सरकार र सरकार सँग सम्वन्धित निकायहरुका काम कारवाहीका सम्वन्धमा मात्र अनुसन्धान तहकिकात गर्नेछ, निजीक्षेत्रको आर्थिक अनियमितता वारे आयोगले अनुसन्धान तहकिकात गर्नेछैन।" |
| 30. | मा. श्री डोल प्रसाद अर्याल | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) पछि देहायबमोजिमको उपदफा (2) थप गर्नु पर्नेः<br>"(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को प्रयोजनको लागि देहायको विषयमा भएका निर्णयलाई नीतिगत निर्णय मानिने छैन:-<br>(क) प्रचलित कानून बमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रुपमा लागू नहुने र सार्वजनिक रुपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय,<br>(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णय,<br>(ग) प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नु पर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय।" |
| 31. | मा. श्री विनोद कुमार चौधरी | 3 | विधेयकको दफा 3 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 4. को उपदफा (1) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा देहायबमोजिमको वाक्यांश थप गर्नु पर्नेः<br>"त्यसरी भएको निर्णय कार्यन्वयन गर्ने राष्ट्र सेवक कर्मचारीलाई समेत कारवाही हुने छैन। तर कुनै प्रलोभनमा परी वा बदनियतपूर्ण तवरले त्यस्तो निर्णय गरेको पाइएमा यस ऐन बमोजिम अनुसन्धान, तहकिकात वा कारवाही गर्न कुनै बाधा पर्ने छैन।" |

| | | | |
|---|---|---|---|
| | मा. डा. श्री सुनिल कुमार शर्मा | 4 | विधेयकको दफा 4 मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 13 मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"उजुरी गर्ने व्यक्तिले आफ्नो परिचय खुल्ने प्रमाण साथै पेश गर्नु पर्नेछ" |
| 33. | मा. श्री राजेन्द्र प्रसाद पाण्डे | 4 | विधेयकको दफा 4 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 13 मा "कारबाही चलाउन सक्नेछ" भन्ने शब्दहरु पछि "त्यस्तो उजुरीको सत्य तथ्य अध्ययन गर्दा गलत रहे उजुरीकर्तालाई मुद्दाको स्थिति हेरी दण्ड जरिवाना गरिनेछ" |
| 34. | मा. श्री रघुजी पन्त | 5 | विधेयकको दफा 5 मा मूल ऐनमा थप गर्न प्रस्तावित दफा 13क. को उपदफा (3) मा "हुन लागेको विकास निर्माण" भन्ने शब्दहरुको सट्टा "भइरहेको विकास निर्माण" भन्ने शब्दहरु राख्नु पर्ने। |
| 35. | मा. श्री तेजुलाल चौधरी | बुँदा 5 | विधायन समितिको प्रतिवेदनको बुँदा 5 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 14क. हटाउनु पर्ने । |
| 36. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार गौतम | बुँदा 5 | विधायन समितिको प्रतिवेदनको बुँदा 5 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 14क. हटाउनु पर्ने । |
| 37. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 5 | विधायन समितिको प्रतिवेदनको बुँदा 5 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 14क. हटाउनु पर्ने । |
| 38. | मा. श्री सुमना श्रेष्ठ | 5 | • विधेयकको दफा 5 मा मूल ऐनमा थप गर्न प्रस्तावित दफा 13क. को उपदफा (4) मा "यथासिघ्र" भन्ने शब्दहरुको सट्टा "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>• विधेयकको दफा 5 मा मूल ऐनमा थप गर्न प्रस्तावित दफा 13क. को उपदफा (5) पछि देहायबमोजिमको उपदफा (6) थप गर्नु पर्नेः<br>"(६) उपदफा (५) बमोजिम आयोगले रोक लगाउने आदेश दिएमा पुनरावेदन गर्न निवेदन दिन सकिनेछ छ । निवेदन उपर कारवाही स्वीकृति कोरम भएको उचित समिति वा विशेष उजुरी परेकोमा आदेश पुनरावलोकन कार्यसमिति वा आयोगका आयुक्तहरूले गठित समिति अन्तर्गत गरिने छ।" |
| 39. | मा. श्री डोल प्रसाद अर्याल | 5 | विधेयकको दफा 5 मा मूल ऐनमा थप गर्न प्रस्तावित दफा 13क. को उपदफा (4) मा "यथासिघ्र" भन्ने शब्दहरुको सट्टा "45 दिनभित्र" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 40. | मा. श्री श्याम कुमार घिमिरे | बुँदा 5 | विधायन समितिको प्रतिवेदनको बुँदा 5 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 14क. को उपदफा (5) हटाउनु पर्ने । |
| 41. | मा. श्री डोल प्रसाद अर्याल | 6 | • विधेयकको दफा 6 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 15 को शिर्षकको सट्टा देहायबमोजिमको शिर्षक राख्नु पर्नेः<br>"15. सूचना वा जानकारी लिई मनाशिव कारण देखिए मुद्दा चलाउने, पक्राउ गर्नेः<br>• विधेयकको दफा 6 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 15 मा "लिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "मनाशिव कारण देखिए मुछिएका वा आरोपित ठहरिएका व्यक्तिहरुलाई पक्राउ गर्ने र मुद्दा चलाउन सक्नेछ" भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| 42. | मा. श्री प्रेम बहादुर महर्जन | 7 | विधेयकको दफा 7 को उपदफा (1) पछि देहायको उपदफा (2) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः<br>"(2) उपदफा (4) पछि देहायको उपदफा (4क) थपिएको छ"<br>"(4क) उपदफा (४) बमोजिम धरौट वा जेथा जमानतमा राखिएको व्यक्ति अनुसन्धान अधिकृतले तोकेको समय र स्थानमा उपस्थित नभएमा आयोगले त्यस्तो धरौटी जफत गर्न वा जेथा जमानत राखिएकोमा त्यस्तो जेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी धरौटी वापत तोकिएको रकम असुल गर्न सक्नेछ " |
| 43. | मा. श्री अमरेश कुमार सिंह | 7 | विधेयकको दफा 7 को उपदफा (1) पछि देहायको उपदफा (2) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः<br>"(2) उपदफा (4) पछि देहायको उपदफा (4क) थपिएको छ |

| | | | |
|---|---|---|---|
| | | | "(4क) उपदफा (४) बमोजिम धरौट वा जेथा जमानतमा राखिएको व्यक्ति अनुसन्धान अधिकृतले तोकेको समय र स्थानमा उपस्थित नभएमा आयोगले त्यस्तो धरौटी जफत गर्न वा जेथा जमानत राखिएकोमा त्यस्तो जेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी धरौटी वापत तोकिएको रकम असुल गर्न सक्नेछ " |
| 44. | मा. श्री रघुजी पन्त | 7 | विधेयकको दफा 7 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 19 को संशोधन गर्न प्रस्तावित उपदफा (5) मा "पाँच हजार" भन्ने शब्दहरु पछि "देखि पचाँस हजार" भन्ने शब्दहरु थप गर्नु पर्ने। |
| 45. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 7 | विधेयकको दफा 7 अन्तर्गत मूल ऐनको दफा 19 को संशोधन गर्न प्रस्तावित उपदफा (14) पछि देहायबमोजिमको उपदफा (15) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः<br>"(15) बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुनेः (क) कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले वदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोजन लगाउन हुदैन।"<br>"(ख) खण्ड (क) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई 6 महिनासम्म कैद वा पाँचहजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ।"<br>"(ग) खण्ड (क) बमोजिमको कसूरबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानी वा नोक्सानी भएमा निजले त्यस्तो कसूरबाट क्षतिपूर्ति भराइ लिन सक्नेछ।" |
| 46. | मा. श्री रामहरि खतिवडा, मा. श्री पूर्ण बहादुर तामाङ | 7 | विधेयकको दफा 7 को उपदफा (1) पछि देहायको उपदफा (2) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः<br>"(2) उपदफा (4) पछि देहायको उपदफा (4क) थपिएको छ<br>"(4क) उपदफा (४) बमोजिम धरौट वा जेथा जमानतमा राखिएको व्यक्ति अनुसन्धान अधिकृतले तोकेको समय र स्थानमा उपस्थित नभएमा आयोगले त्यस्तो धरौटी जफत गर्न वा जेथा जमानत राखिएकोमा त्यस्तो जेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी धरौटी वापत तोकिएको रकम असुल गर्न सक्नेछ " |
| 47. | मा. श्री गगनकुमार थापा | 7 | **विधेयकको दफा 7 मूल ऐनको दफा 19 मा संशोधनः**<br>• **विधेयकको दफा 7 को उपदफा (1) को सट्टा देहायको उपदफा (1) को व्यवस्था गर्नुपर्नेः**<br>"(1) उपदफा (२) को सट्टा देहायको उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) अख्तियार दुरुपयोगको आरोप लागेको व्यक्तिबाट सूचना वा जानकारी वा वयान लिईसकेपछि आवश्यकता अनुसार खोजेको बखत हाजिर हुने गरी कागज गराई छाड्न वा तारिखमा राख्न सक्नेछ ।<br>तर त्यस्तो तारिखमा राख्नका लागि अदालतबाट दुवै पक्षको सुनुवाई पश्चात आवश्यक आदेश हुनु पर्नेछ।"<br>• **विधेयकको दफा 7 को उपदफा (1) पछि देहायको उपदफा (2) को व्यवस्था गरी उपदफाक्रम मिलाउनु पर्नेः**<br>"(2) उपदफा (४) को सट्टा देहायको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) भ्रष्टाचारको आरोपमा कारवाई चलाइएको व्यक्ति फरार भै बेपत्ता हुन सक्तछ भनि सम्झिनुपर्ने कुनै मनासिव कारण भएमा वा बिगो हानी नोक्सानी भएको देखिएमा त्यस्तो मानसिब कारण वा प्रमाण सहित धरौटी वा जेथा जमानतको माग सहित आवश्यक आदेशका लागि आयोगले अदालत समक्ष पेश गर्न सक्नेछ । अदालतको आदेश बमोजिम धरौटी वा जमानत नदिएमा, अदालतले थुनामा राख्न आदेश दिन सक्नेछ"<br>• **विधेयकको उपदफा (3) को सट्टा देहायबमोजिमको उपदफा (3) को व्यवस्था गर्नु पर्नेः**<br>"(3) उपदफा (६) को सट्टा देहायको उपदफा (६) को व्यवस्था गर्नु पर्नेः |

| | | | |
|---|---|---|---|
| | | | "(६) उपदफा (५) बमोजिम विभागीय कारवाई वा जरिवाना भएपछि पनि कुनै कार्यालय वा व्यक्तिले आयोगको आदेशको पालना नगरेमा सो कार्यलयको प्रमुख पदाधिकारी वा त्यस्तो व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन आयोगले अदालत मार्फत पक्राउ पूर्जी जारी गरी निजबाट त्यस्तो लिखत वा वस्तु पेश गर्न गराउन वा आवश्यक जानकारी लिन सक्नेछ । त्यसरी पक्राउ भएको पदाधिकारी वा व्यक्तिले त्यस्तो लिखत वा वस्तु पेश नगरेमा वा जानकारी नदिएमा आदालतको आदेश बमोजिम बढीमा सात दिनसम्म थुनामा राख्न सकिनेछ।"<br>• **विधेयकको उपदफा (5) को सट्टा देहायबमोजिमको उपदफा (5) को व्यवस्था गर्नु पर्नेः**<br>"(5) उपदफा (१४) को सट्टा देहायको उपदफा (१४) को व्यवस्था गर्नु पर्नेः<br>"(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट भ्रष्टाचारको सम्बन्धमा अनुसन्धान गर्दै जाँदा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुनुपर्ने देखिएमा वा भ्रष्टाचार बाहेक अन्य कसूर गरेको दिएमा आयोगले प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । यसरी आयोगबाट लेखी आएको दम्बन्धमा आवश्यक कारवाही गर्नु सम्बन्धित निकाय वा अधिकारीको कर्तव्य हुनेछ"।<br>• **विधेयकको उपदफा (5) पछि देहायको उपदफा (6) थप गर्नु पर्नेः**<br>"(6) उपदफा (१५) को अन्तिम वाक्यमा रहेको "पुनः मुद्दा दायर गर्न सकिने" भन्ने शब्दहरुको सट्टा "माग दाबीमा पूर्ण वा आंशिक छुट दिईने छैन" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 48. | मा. श्री विद्या भट्टराई | 7 | विधेयकको दफा 7 को उपदफा (2) मूल ऐनको दफा 19 को उपदफा (5) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (5) मा "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "पन्ध्र हजार" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 49. | मा. श्री सुमना श्रेष्ठ | 7 | • मूल ऐनको दफा 19. को उपदफा (4) पछि देहायबमोजिमको उपदफा (4क) को व्यवस्था गर्नु पर्नेः<br>"(४क) उपदफा (४) बमोजिम घरौट वा जेथा जमानत राखिएकोमा त्यस्तो जेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी धरौटी बापत तोकिएको रकम असुल गर्न सक्नेछ।"<br>• विधेयकको दफा 7 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 19 को संशोधन गर्न प्रस्तावित उपदफा (5) मा "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "पचाँस हजार" भन्ने शब्दहरु राख्नु पर्ने।<br>• मूल ऐनको दफा 19. को उपदफा (12) पछि देहायबमोजिमको उपदफा (12क) र (12ख) को व्यवस्था गर्नु पर्नेः<br>"(१२क) उपदफा १२ बमोजिम आयोगले तामेलीमा राखेका उजुरीका सम्बन्धमा संघीय संसद्का समितिले चाहेमा अनुसन्धानका क्रममा तयार भएका सम्पूर्ण विवरण र तामेलीमा राख्नु परेको विस्तृत कारणसहितको आवश्यक प्रतिवेदन माग गरेको खण्डमा आयोगले सात दिनभित्र उपलब्ध गराउन पर्नेछ।"<br>"(१२ख) उपदफा (१२क) अनुसार समितिले आवश्यक प्रतिवेदन अध्ययन गरी सम्बन्धित समितिले पुनः अनुसन्धान र तहकिकातको कारवाही अघि बढाउन आवश्यक देखी सो सम्बन्धमा निर्देशन दिएमा आयोगले उक्त उजुरी सम्बन्धमा पुनः अनुसन्धान र तहकिकातको कारवाही अघि बढाउन पर्नेछ।<br>• " |
| 50. | मा. श्री डोल प्रसाद अर्याल | 7 | विधेयकको दफा 7 को उपदफा (2) मूल ऐनको दफा 19 को उपदफा (5) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (5) मा "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैयाँदेखि पाँच लाख" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| 51. | मा. श्री हेम राज राई | 8 | मूल ऐनको दफा 20 को उपदफा (1) मा "सार्वजनिक संस्थाको कुनै कर्मचारी" भन्ने शब्दहरु पछि "वा कुनै योग्यतम व्यक्ति" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>मूल ऐनको दफा 20 मा देहायबमोजिमको उपदफा (3) थप गर्नु पर्नेः<br>"(3) आयोगले आफ्नो कार्यलाई प्रभावकारी र छिटो सम्पन्न गर्न हरेक प्रदेशमा प्रदेश आयोग गठन गर्न सक्नेछ । प्रदेश आयोगको आयुक्तको संख्या र काम, कर्तब्य र अधिकार आयोगले तोके बमोजिम हुनेछ " |
| 52. | मा. श्री गगनकुमार थापा | 8 | विधेयकको दफा ८ (मूल ऐनको दफा २०) मा रहेको संशोधनलाई उपदफा (१) कायम गरी देहाय बमोजिम उपदफा (२) को व्यवस्था गर्नु पर्नेः<br>"(२) अनुसन्धानलाई निष्पक्ष र प्रभावकारी बनाउने हेतुले संघीय संसद अन्तर्गत रहने गरी एक विशेष अनुसन्धान सेवा रहने छ"। |
| 53. | मा. श्री पूर्ण बहादुर तामाङ | 9 | विधेयकको दफा 9 मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"कुनै व्यक्ति वा संस्थाको विरुद्धमा उजुरी गर्दा उजुरीकर्ताको नागरिकता प्रमाणपत्रको प्रमाणित संलग्न गर्नुपर्ने" |
| 54. | मा. श्री रमा कोइराला पौडेल | 9 | विधेयकको दफा 9 मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"कुनै व्यक्ति वा संस्थाको विरुद्धमा उजुरी गर्दा उजुरीकर्ताको नागरिकता प्रमाणपत्रको प्रमाणित संलग्न गर्नुपर्ने" |
| 55. | मा. श्री ध्रुव बहादुर प्रधान | 9 | विधेयकको दफा 9 अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>" स्वतन्त्र र निष्पक्ष परिक्षणले मात्र न्यायिक गर्ने आधार बनाउन सकिने हुँदा अनुसन्धान आयोगले फोरेन्सी प्रयोगशाला सञ्चालन गर्न नहुने स्थायी प्रकृतिको राष्ट्रिय स्तरको प्रयोगशाला स्थापना गरी अझ बढी सक्षम र क्षमतावान प्रयोगशाला स्थापना गर्नु पर्ने। |
| 56. | मा. श्री रघुजी पन्त | 9 | विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. को उपदफा (1) र (2) हटाइ देहायको व्यवस्था गर्नेः<br>"आयोगले भ्रष्टाचारजन्य कसूरको सिलसिलामा सङ्कलन भएका प्रमाणहरुको कनून बमोजिम स्थापित प्रयोगशालाहरुबाट वैज्ञानिक परीक्षण गराउन सक्नेछ। यसरी गरिएको परीक्षणबाट प्राप्त प्रतिवेदन प्रमाणको लागि ग्राहय हुनेछ।" |
| 57. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 9 | • विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. को उपदफा (1) हटाउनु पर्ने ।<br>• विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. को उपदफा (2) मा "उपदफा (1) बमोजिम स्थापित प्रयोगशाला" भन्ने शब्दहरु हटाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| | मा. श्री रोशन कार्की | 9 | • विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20क. मा देहायको व्यवस्था गर्नु पर्नेः<br>"भ्रष्टाचार जन्य कसूरमा प्रयोग भएका विद्युतीय वा डिजिटल अभिलेख वा सूचना सम्बन्धित अधिकारी वा सेवा प्रदायकसँग माग गर्दा सुरक्षाको ग्यारेन्टि हुनुपर्दछ।"<br>• विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. मा देहायको व्यवस्था गर्नु पर्नेः<br>"प्रयोगशाला तथा डिजिटल फरेन्सीको स्थापना गर्दा छुट्टै एकाई बनाई अधिकार सम्पन्न बनाउनु पर्दछ।"<br>• विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. को उपदफा (2) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"उपदफा (1) बमोजिम स्थापना भएको प्रयोगशालामा परीक्षण गर्दा विश्वसनीयताको पूर्वाधार तयार गर्नु पर्दछ" |
| 59. | मा. श्री गगनकुमार थापा | 9 | • विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20क. मा भएको व्यवस्थालाई उपदफा (1) कायम गरी देहायबमोजिमको उपदफा (2) को व्यवस्था गर्नु पर्नेः<br>"(२) विद्युतीय वा डिजिटल अभिलेख सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम अदालतको आदेश लिनुपर्नेछ र त्यसरी प्राप्त अभिलेख वा सूचना अनुसन्धान बाहेकको प्रयोजनका लागि गोप्य राख्ने जिम्मेवारी आयोगको हुनेछ"।<br>• विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. मा देहायको उपदफा (3) को व्यवस्था गर्नु पर्नेः<br>"(३) प्रयोगशाला वा फरेन्सिक इकाईको सञ्चालन कार्यविधि संसद समक्ष निर्णयार्थ पेश गरेपश्चात मात्र लागु हुनेछ"। |
| 60. | मा. श्री डोल प्रसाद अर्याल | 9 | • विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ख. मा देहायको उपदफा (1) को व्यवस्था गरी अन्य उपदफाहरुलाई सोही बमोजिमको क्रम मिलाउनु पर्नेः<br>"(1) भ्रष्टाचारजन्य कसूरको अनुसन्धानको शिलशिलामा सङ्कलन भएका प्रमाणहरूको परिक्षण गर्न आयोगले नेपाल प्रहरीको प्रयोगशाला तथा फोरेन्सिक इकाइ, त्रिभुवन विश्वविध्यालको प्रयोगशाला, विधिविज्ञान प्रयोगशाला, नेपाल प्रहरीको साइबर ब्युरो लगायत सरकारद्वारा स्थापित प्रयोगशालाहरू लाई अझ स्रोत सम्पन्न बनाइ प्रयोगमा ल्याउन सक्ने छ।"<br>• विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 20ग. को उपदफा (1) मा "सङ्कलन गर्न सक्नेछ" भन्ने शब्दहरु पछि "त्यसरी तहकिकात गर्दा निर्दोष तथा असंलग्न ब्यक्ति वा संस्था सम्बन्धी सूचना गोप्य राख्नु पर्नेछ।" |
| 61. | मा. श्री हेम राज राई | 9 | मूल ऐनको दफा 21क. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"कर्मचारीको व्यवस्थाः आयोगको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारीको दरबन्दी अयोग आफैले निर्धारण गर्ने छ । निर्धारण गरेको दरबन्दिको साठी प्रतिशतसम्म कर्मचारी आयोग आफैले नियुक्ती गर्न सक्नेछ । बाँकी कर्मचारी नेपाल सरकारले ब्यवस्था गर्ने छ " |
| 62. | मा. श्री सुमना श्रेष्ठ | 9 | विधेयकको दफा 9 पछि 9क. थप गरी देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"९क. मूल ऐनको दफा २१क. को सट्टा देहाय बमोजिमको दफा २१क. राखिएको छः<br>२१क. कर्मचारी व्यवस्थाः (१) आयोगको कार्य संचालनका लागि नेपाल सरकारको स्वीकृत दरबन्दी अनुसारको कर्मचारीहरूको व्यवस्था गर्नेछ ।<br>(२) आयोगमा नियुक्तियोग्य हुनको लागि इमान्दारी, परिस्थिति अनुसार निर्णय लिने सक्ने क्षमता, तार्कक क्षमता लगायतका क्षमता जाँच्ने परीक्षा उतिर्ण गर्नु पर्नेछ ।<br>(३) उपदफा (२) को परीक्षा र नियुक्ति प्रक्रिया निर्माण गर्न मानव संशाधन विज्ञ सम्मिलित विज्ञ टोली गठन गरिनेछ।" |
| 63. | मा. श्री नारायणी शर्मा | 10 | विधेयकको दफा 10 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 21ख. को व्यवस्थालाई उपदफा (1) कायम गरी देयाको उपदफा (2), (3) र (4) थप गर्नु पर्नेः<br>"(2) उपदफा (1) को प्रयोजनको लागि आयोगले कार्यवोझ र कार्यसम्पादनका आधारमा प्रोत्साहन भत्ता दिनुपर्ने आधार र |

| | | | |
|---|---|---|---|
| | | | कारण खुलाई नेपाल सरकार समक्ष अनुरोध गर्नेछ।"<br>"(3) उपदफा (2) बमोजिम अनुरोध भई आएमा आधार र कारण समेतको विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा मुलुकको समग्र आर्थिक सक्षमता समेत लाई विचार गरी मन्त्रिपरिषदले सम्वन्धित आर्थिक वर्षका लागि प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गर्न सक्नेछ।"<br>"(4) उपदफा (3) बमोजिम निर्णय भएमा अर्थ मन्त्रालयले सम्वन्धित शिर्षकमा रकम निकाशा दिनेछ।" |
| 64. | मा. श्री महेश कुमार बर्तौला | 10 | विधेयकको दफा 10 अन्तर्गत मुल ऐनमा थप गर्न प्रस्तावित दफा 21ख. को सट्टा देहायको दफा 21ख. को व्यवस्था गर्नुपर्नेः<br>"21ख. कर्मचारीको पदपूर्ति आयोगकै काम कार्बाहीको लागि मात्रै लोक सेवा आयोग मार्फत गरिनेछ । यसरी पदपुर्ति भएका कर्मचारिहरु आयोगका कर्मचारीका रुपमा मात्रै रहनेछन्" |
| 65. | मा. श्री गगनकुमार थापा | - | मूल ऐनको दफा २५ मा देहाय बमोजिमको प्रतिबन्धात्मक बाक्यांश थप गर्नु पर्नेः<br><br>"यस दफामा माथि जेसुकै लेखिए तापनि आयोगको कुनै आयुक्त वा कर्मचारी वा आयोगद्वारा खटाइएको वा अधिकार प्रत्यायोजन गरेको कुनै कर्मचारी वा अनुसन्धान अधिकृतले अधिकार प्रयोग गर्दा कानून बमोजिम कर्तव्य पालन नगरेमा, झुटा विवरण राखि बदनियत साथ वा स्वेच्छाचारी किसिमबाट प्रयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न यस दफाले वाधा पार्ने छैन"। |
| 66. | मा. श्री विद्या भट्टराई | 11 | विधेयकको दफा 11 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 28क. मा देहायबमोजिम थप गर्नु पर्नेः<br>"अभिलेख कागजात र विवरण सम्बन्धित निकायले आयोगलाई कम्तीमा 15 दिन भित्र उपलब्ध गराउनुपर्नेछ" |
| 67. | मा. श्री प्रेम बहादुर महर्जन | 12 | • विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) को सट्टा देहायबमोजिमको उपदफा (1) को व्यवस्था गर्नु पर्नेः<br>"(1) भ्रष्टाचारजन्य कसूरमा मुद्दा चलाउने हदम्याद त्यस्तो कार्य भएको मितिले पाँच वर्ष हुनेछ "<br>• विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (4) हटाउनु पर्ने । |
| 68. | मा. श्री अमरेश कुमार सिंह | 12 | • विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) को सट्टा देहायबमोजिमको उपदफा (1) को व्यवस्था गर्नु पर्नेः<br>"(1) भ्रष्टाचारजन्य कसूरमा मुद्दा चलाउने हदम्याद त्यस्तो कार्य भएको मितिले पाँच वर्ष हुनेछ "<br>• विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (4) हटाउनु पर्ने । |
| 69. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 12 | विधेयकको दफा 12 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29. को उपदफा (2) मा "अवकाश भएको" भन्ने शब्दहरु पछि "वा थाहा पाएको" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 70. | मा. श्री अर्जुन नरसिंह के.सी. | 12 | • विधेयकको दफा 12 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29. को उपदफा (1) को सट्टा देहायबमोजिमको उपदफा (1) को व्यवस्था गर्नु पर्नेः<br>"(1) भ्रष्टाचारजन्य कसूरमा कुनै हदम्याद लाग्ने छैन।" |

| | | | |
|---|---|---|---|
| | | | • विधेयकको दफा 12 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29. को उपदफा (2) मा "मितिले पाँच वर्षभित्र निज उपर" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधेयकको दफा 12 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29. को उपदफा (3) मा "हदम्याद कायम रहने छैन" भन्ने शब्दहरुको सट्टा "हदम्याद लाग्ने छैन" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 71. | मा. श्री रामहरि खतिवडा, मा. श्री पूर्ण बहादुर तामाङ | 12 | • विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) को सट्टा देहायबमोजिमको उपदफा (1) को व्यवस्था गर्नु पर्नेः<br>"(1) भ्रष्टाचारजन्य कसूरमा मुद्दा चलाउने हदम्याद त्यस्तो कार्य भएको मितिले पाँच वर्ष हुनेछ "<br>• विधेयकको दफा 12 तथा विधायन समितिको प्रतिवेदनको बुँदा 9 मा मुल ऐनको दफा 29 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (4) हटाउनु पर्ने । |
| 72. | मा. श्री नारायणी शर्मा | 12 | विधेयकको दफा 12 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29. को उपदफा (3) मा "स्थानिय तह" भन्ने शब्दहरुको सट्टा "स्थानिय सरकार" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 73. | मा. श्री सुमना श्रेष्ठ | 12 | विधेयकको दफा 12 को सट्टा देहायबमोजिमको दफा 12 को व्यवस्था गर्नु पर्नेः<br>"12. **मूल ऐनको दफा २९ मा संशोधन**ः मूल ऐनको दफा २९को सट्टा देहायको दफा २९ राखिएको छः"<br>"२९. मुद्दा चलाउने हदम्याद: भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद हुने छैन" |
| 74. | मा. श्री तेजुलाल चौधरी | बुँदा 9 | • विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) मा "थाहा पाएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (2) मा "अवकास भएको मितिले र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकोमा थाहा भएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 75. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार गौतम | बुँदा 9 | • विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) मा "थाहा पाएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (2) मा "अवकास भएको मितिले र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकोमा थाहा भएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 76. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 9 | • विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) मा "थाहा पाएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (2) मा "अवकास भएको मितिले र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकोमा थाहा भएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 77. | मा. श्री प्रेम सुवाल | बुँदा 9 | • विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (1) मा "थाहा पाएको मितिले पाँच वर्ष हुनेछ" भन्ने शब्दहरुको सट्टा "हुने छैन" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा नं. 9 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (2) मा "पाँच वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "जुनसुकै वखत" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 78. | मा. श्री गगनकुमार थापा | 12 | विधेयकको दफा 12 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को सट्टा देहायबमोजिमको दफा 29 को व्यवस्था गर्नु पर्नेः<br>**"२९. मुद्दा चलाउने अवधिः** (१) भ्रष्टाचारजन्य कसुरमा कुनै हदम्याद लाग्ने छैन । |

| | | | |
|---|---|---|---|
| | | | (२) सार्वजनिक पद धारण गरेको व्यक्तिले पदमा वहाल रहेको अवस्थामा गरेको अख्तियार दुरुपयोगका सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकास प्राप्त गरेपछि पनि निजउपर कारवाही गर्न वा मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले आयोगलाई बाधा पु¬याएको मानिने छैन”। |
| 79. | मा. श्री डोल प्रसाद अर्याल | 12 | विधेयकको दफा 12 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को सट्टा देहायबमोजिमको दफा 29 को व्यवस्था गर्नु पर्नेः<br>**“२९. मुद्दा चलाउने हदम्याद:** भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद हुने छैन । |
| 80. | मा. श्री महेश कुमार बर्तौला | 12 | विधेयकको दफा 12 मा मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 29 को उपदफा (2) हटाउनु पर्ने । |
| 81. | मा. श्री श्याम कुमार घिमिरे | बुँदा 9 | विधायन समितिको प्रतिवेदनको बुँदा 9 विधेयकको दफा 12 अन्तर्गत मूल ऐनको दफा 29 को सट्टा प्रस्तावित दफा 29 को उपदफा (1) र (2) मा देहायबमोजिमको व्यवस्था गर्नु पर्नेः<br>“थाहा भएको/पाएको मितिले पाँच वर्षको हुनेछ भन्ने व्यवस्थालाई संशोधन गरी 5/6/7 वर्ष गर्न सकिन्छ। तर, कसैलाई पनि आजीवन उ माथि तरवार झुन्ड्याई राख्नु लोकतान्त्रिक विधि संवद्ध हुदैन। यसको हदम्याद तोक्नै पर्दछ।” |
| 82. | मा. श्री प्रेम बहादुर महर्जन | दफा 13<br>बुँदा 10 | विधेयकको दफा 13 अन्तर्गत विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा 10 बाट परिमार्जन भएको मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थप गरी खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उचित र पर्याप्त आधार र कारण बिना एउटै विषयमा पटक पटक परामर्श सेवा लिने वा त्यस्तो परामर्श सेवाको उपयोग नगर्ने,”<br>“(ङ) तत्काल सञ्चालनको पर्याप्त तयारी बिना यन्त्र, उपकरण सामग्री खरीद गर्ने वा खरिद गरिएको सामग्री प्रयोगमा नल्याउने,” |
| 83. | मा. श्री अमरेश कुमार सिंह | दफा 13<br>बुँदा 10 | विधेयकको दफा 13 अन्तर्गत विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा 10 बाट परिमार्जन भएको मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थप गरी खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उचित र पर्याप्त आधार र कारण बिना एउटै विषयमा पटक पटक परामर्श सेवा लिने वा त्यस्तो परामर्श सेवाको उपयोग नगर्ने,”<br>“(ङ) तत्काल सञ्चालनको पर्याप्त तयारी बिना यन्त्र, उपकरण सामग्री खरीद गर्ने वा खरिद गरिएको सामग्री प्रयोगमा नल्याउने,” |
| 84. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 13 | विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ग) पछि देहायबमोजिमको खण्ड (घ) थप गर्नु पर्नेः<br>“(घ) निश्चित समयभित्र गर्नु भनि तोकिएको काम सो समय भित्र नगरेमा।” |
| 85. | मा. श्री अर्जुन नरसिंह के.सी. | 13 | विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (2) मा “पचाँस हजार रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “ठेक्का रद्द गरी ठेक्का रकमको 2%” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 86. | मा. श्री रामहरि खतिवडा, मा. श्री पूर्ण बहादुर तामाङ | दफा 13<br>बुँदा 10 | विधेयकको दफा 13 अन्तर्गत विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा 10 बाट परिमार्जन भएको मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थप गरी खण्डक्रम मिलाउनु पर्नेः<br>“(घ) उचित र पर्याप्त आधार र कारण बिना एउटै विषयमा पटक पटक परामर्श सेवा लिने वा त्यस्तो परामर्श सेवाको उपयोग नगर्ने,”<br>“(ङ) तत्काल सञ्चालनको पर्याप्त तयारी बिना यन्त्र, उपकरण सामग्री खरीद गर्ने वा खरिद गरिएको सामग्री प्रयोगमा नल्याउने,” |

| | | | |
|---|---|---|---|
| | मा. श्री सुमना श्रेष्ठ | 13 | विधेयकको दफा 13 को सट्टा देहायबमोजिमको दफा 13 को व्यवस्था गर्नु पर्नेः<br>"13. <u>मूल ऐनमा दफा 31ग. थपः</u> मूल ऐनको दफा 31ख. पछि देहायको दफा ३१ग. थपिएको छः-<br>३१ग. <u>आयोगले कारबाही गर्ने:</u> (१) भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम राष्ट्रसेवक मानिने कुनै व्यक्तिले अख्तियारको दुरुपयोग हुने देहायको कुनै कार्य गरेको देखिएमा आयोगले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-<br>(क) आफ्नो अधिकार क्षेत्रभित्र पर्ने कुनै काम नगरेमा, आफूले गर्नु पर्ने कामको उत्तरदायित्व अन्य कार्यालय वा अधिकारी समक्ष पठाई पन्छाएमा, अर्काको अधिकारक्षेत्रभित्रको काम गरेमा वा आफूलाई प्राप्त तजबिजी अधिकारको स्वेच्छाचारी प्रयोग गरेमा,<br>(ख) आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई कुनै काम गर्न वा नगर्न अनुचित दबाब दिएमा,<br>(ग) कानून बमोजिम बाध्यात्मक रुपमा अपनाउनु पर्ने कार्यविधि अवलम्बन नगरी कुनै निर्णय वा आदेश गरेमा,<br>(घ) आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरूपयोग गरेमा,<br>(ङ) उचित र पर्याप्त आधार र कारण बिना एउटै विषयमा पटक पटक परामर्श सेवा लिने वा त्यस्तो परामर्श सेवाको उपयोग नगर्ने,<br>(च) तत्काल सञ्चालनको पर्याप्त तयारी बिना यन्त्र, उपकरण सामाग्री खरीद गर्ने वा खरिद गरिएको सामाग्री प्रयोगमा नल्याउने,<br>(छ) सार्वजनिक खरिद कार्य प्रारम्भ गर्नु अघि प्रचलित कानून बमोजिम सम्बन्धित निकायको अनुमति लिने, जग्गा प्राप्त गर्ने, पूर्वतयारीका प्राविधिक परीक्षण गर्ने, वातावरणीय अध्ययन गर्ने, पूर्वाधार स्थानान्तरण गर्ने जस्ता आधारभूत कार्य पुरा नगरी तथा बजेट सुनिश्चितता नभई सार्वजनिक खरिद कार्य सम्बन्धी ठेक्का सम्झौता गरेमा वा गर्न लगाएमा ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कार्य गर्ने राष्ट्रसेवकलाई विभागीय कारबाही हुने रहेछ भने आयोगले विभागीय कारबाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायले त्यस्तो राष्ट्रसेवकलाई कार्यक्षमताको अभाव रहेको मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम तीन महिनाभित्र विभागीय कारबाही सम्पन्न गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।<br>(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसुर गरेको सम्बन्धमा सोही बमोजिम कारबाही गर्नु पर्नेछ।" |
| 88. | मा. श्री महेश कुमार बर्तौला | 13 | विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) मा देहायबमोजिमको खण्ड (घ) को व्यवस्था गर्नु पर्नेः<br>"(घ) एउटै विषयमा पटक पटक परामर्श सेवा लिई त्यस्तो परामर्श सेवाको उपयोग नगरेमा तथा पर्याप्त तयारी बीना यन्त्र, उपकरण सामग्री खरिद गरि खरिद गरिएका सामग्रीहरु प्रयोगमा नल्याएमा" |
| 89. | मा. श्री तेजुलाल चौधरी | बुँदा 10 | विधायन समितिको प्रतिवेदनको बुँदा 10 मा विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. हटाउनु पर्ने । |
| 90. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार गौतम | बुँदा 10 | विधायन समितिको प्रतिवेदनको बुँदा 10 मा विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. हटाउनु पर्ने । |

| | | | |
|---|---|---|---|
| 91. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 10 | विधायन समितिको प्रतिवेदनको बुँदा 10 मा विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. हटाउनु पर्ने । |
| 92. | मा. श्री विद्या भट्टराई | 13 | • विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ग) मा “पूर्वाधार स्थानान्तरण गर्ने” भन्ने शब्दहरु पछि “सरोकारवालाहरु सँग छलफल र सार्वजनिक सुनुवाई नगरी काम-कारवाही अगाडी बढाएमा” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>• विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (2) मा “पचास हजार” भन्ने शब्दहरुको सट्टा “एक लाख” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 93. | मा. श्री डोल प्रसाद अर्याल | 13 | विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (2) मा “विभागिय कारवाही” भन्ने शब्दहरुको सट्टा “पदबाट निलम्बन, भ्रष्टाचारगरे बराबर जरिवाना गर्ने” भन्ने शब्दहरु राख्नु पर्ने साथै सोही उपदफामा “पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “भ्रष्टाचार गरे बराबर जरिवाना गर्ने” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 94. | मा. श्री विनोद कुमार चौधरी | 13 | विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को उपदफा (1) को खण्ड (ख) मा “उत्तरदायित्व पन्छायमा” भन्ने शब्दहरु पछि “वा आफुले गर्नु पर्ने कुनै काम समयमै नगरी कुनै व्यक्ति, संघ, संस्था वा निकायलाई हानी नोक्सानी पुर्यायमा” भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| 95. | मा. श्री श्याम कुमार घिमिरे | बँदा 10 | विधायन समितिको प्रतिवेदनको बुँदा 10 मा विधेयकको दफा 13 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 31ग. को खण्ड (क), (ख), (ग) र (घ) हटाउनु पर्ने । |
| 96. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 14 | विधेयकको दफा 14 अन्तर्गत मूल ऐनको दफा 35 मा थप गर्न प्रस्तावित उपदफा (3) हटाउनु पर्ने । |
| 97. | मा. श्री रघुजी पन्त | 15 | विधेयकको दफा 15 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 35ख. को उपदफा (1), (2) र (3) मा उल्लेख गरिएको “आपसी समन्वय, सम्वन्ध तथा सहयोग अभिवृद्धि गर्न, सहकार्य गर्न र निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्यहरु” भन्ने शब्दहरुको अर्थ र परिभाषाहरु खुलाउनु पर्ने । |
| 98. | मा. श्री गगनकुमार थापा | 15 | विधेयकको दफा १५ अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा ३५ख को उपदफा (३) हटाउनु पर्ने । |
| 99. | मा. श्री विद्या भट्टराई | 15 | विधेयकको दफा १५ अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा ३५ख को उपदफा (1) मा “समन्वय” भन्ने शब्द पछि “, सहकार्य” भन्ने शब्द थप गर्नु पर्ने । साथै नेपाल सरकारलाई जानकारी दिने व्यवस्था गर्नुपर्ने । |
| 100. | मा. श्री डोल प्रसाद अर्याल | 15 | विधेयकको दफा १५ अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा ३५ख को उपदफा (2) मा “कुनै विदेशी वा अन्तराष्ट्रिय संघ संस्थासँग आवश्यकता अनुसार” भन्ने शब्दहरु हटाइ “मन्त्री परिषदले स्वीकृत गरेको सूचना मात्र” भन्ने शब्दहरु राख्नु पर्ने। |
| 101. | मा. श्री तेजुलाल चौधरी | बुँदा 12 | विधायन समितिको प्रतिवेदनको बुँदा 12 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 37क. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“तर त्यस्तो कार्यविधि सार्वजनिक नगरी प्रयोगमा ल्याइने छैन।” |
| 102. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार गौतम | बुँदा 12 | विधायन समितिको प्रतिवेदनको बुँदा 12 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 37क. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः |

| | | | |
|---|---|---|---|
| | | | “तर त्यस्तो कार्यविधि सार्वजनिक नगरी प्रयोगमा ल्याइने छैन।” |
| 103. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 12 | विधायन समितिको प्रतिवेदनको बुँदा 12 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 37क. मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“तर त्यस्तो कार्यविधि सार्वजनिक नगरी प्रयोगमा ल्याइने छैन।” |
| 104. | मा. श्री माधव सापकोटा | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 37क. पछि देहायबमोजिमको दफा 37ख. थप गर्नु पर्नेः<br>37ख. <u>**संरचनाः**</u> (1) संरचनाको सुधार गरी लाभको पदमा नबसेको विज्ञलाई जिम्मेवारी दिने व्यवस्था गर्ने।”<br>“(2) संघीयता अनुरुप सात प्रदेशहरुमा प्रदेश कार्यालयहरु स्थापना र सञ्चालनको व्यवस्था गर्ने।” |
| 105. | मा. श्री प्रेम सुवाल | 16 | विधेयकको दफा 16 पछि देहायबमोजिमको दफा 17 थप गरी दफाक्रम मिलाउनु पर्नेः<br>“१७. <u>आयोगले देहायको काम गर्नेछ –</u><br>“(१) आयोगका पदाधिकारीहरू भ्रष्टाचारविरोधी क्षेत्रका विज्ञ र भ्रष्टाचार नियन्त्रणसम्वन्धि लेख र रचना लेखेकाहरू बीच चुनाव गराई नियुक्ति गर्ने छ।”<br>“(२) आयोगका कर्मचारीहरू भ्रष्टाचार नियन्त्रणबारे जानकार र विज्ञहरूबाट करारमा नियुक्ति गर्ने छ र निजामति क्षेत्रका कर्मचारीलाई आयोगमा सरुवा र काजमा पठाउने छैन।”<br>“(३) हेभी इक्वीटमेन्ट डिभिजन र राष्ट्रिय निर्माण कम्पनी (एनसीसी) लाई प्रभावकारी बनाउने छ। राज्य आफैले विकास निर्माणको काम गर्ने छ। ठूला निर्माण ठेक्कामा लगाउने छैन।”<br>“(४) सार्वजनिक र सरकारी पोखरी, जग्गा, जंगल, पर्ती, नदी किनारा व्यक्तिको नाममा दर्ता गरेका अधिकारीहरूलाई कार्वाई गर्न द्रुतगतिमा छानवीन गर्ने र व्यक्तिको नाममा दर्ता गरिएका जग्गा र पोखरी पुनः सरकारी बनाउने छ।” |
| 106. | मा. श्री सुमना श्रेष्ठ | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 37क. पछि दफा 37ख. थप गर्नु पर्नेः<br>“३७ख. आयोगले वार्षिक कार्य प्रतिवेदन, र सार्वजनिक सूचना ऐन अन्तर्गत नियमित जानकारी सर्वसाधारणको पहुँच हुने गरी आफ्नो वेभसाइट लगायतका माध्यमबाट प्रकाशित गर्नेछ।” |
| 107. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 7 मा उल्लेखित माननीय सदस्यहरु | 17 | विधेयकको दफा 17 अन्तर्गत मूल ऐनको दफा 31क. कायम राख्नु पर्ने। |
| 108. | मा. श्री गगनकुमार थापा | 17 | **मूल ऐनको दफा ३१क. मा रहेको देहायको व्यवस्था कायम राख्नु पर्नेः**<br>“**३१ क . सम्पत्ति विवरण सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम साठी दिनभित्र सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आयोगले एक लाख रुपैयाँ जरिवाना गर्नेछ र अर्को तीस दिनभित्र सम्पत्ति विवरण पेस गर्न लगाउनेछ। सो म्यादभित्र पनि सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्ति उपर निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले छानबिन गर्न सक्नेछ।<br>(३) यस दफा बमोजिम पेस हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ। तर यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिनेछ”। |
| 109. | मा. श्री श्याम कुमार घिमिरे | बुँदा 12 | विधायन समितिको बुँदा 12 विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा 37क. को सट्टा संशोधन गर्न प्रस्तावित दफा 37क. मा “यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आयोगले आफ्नो आन्तरिक काम |

| | | | |
|---|---|---|---|
| | | | कारबाहीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ" भन्ने वाक्यांशको सट्टा "सो कार्यविधिलाई सार्वजनिक गरी मात्र लागु गरिनेछ" भन्ने वाक्यांशको व्यवस्था गर्नु पर्ने । |

- **माननीय श्री गगनकुमार थापाले,**

  1. "**संसदीय समितिमा नियमित प्रतिवेदन पेश गर्ने:** आयोगलाई संसदप्रति जवाफदेही बनाउन आयोगले प्रत्येक छ महिनामा संसदीय समितिमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने,
  2. **नियुक्तिको मापदण्ड सम्बन्धमा:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत संवैधानिक निकायका पदाधिकारीको नियुक्तिका सन्दर्भमा संवैधानिक परिषदभित्र एक विशेष इकाई बनाइ योग्यता पुगेका व्यक्तिहरूको रोष्टर बनाउने सो को सार्वजनिक गरी सार्वजनिक सुनुवाई गर्ने र संसदीय सुनुवाईका लागि सिफारिस गर्नेगरी पारदर्शी ढङ्गले गर्नेगरी मापदण्ड निर्धारण गर्न संवैधानिक परिषद सम्बन्धि ऐनमा व्यवस्था गर्ने,
  3. **अनुसन्धानका लागि विशेष अनुसन्धान सेवाको गठन सम्बन्धमा:** अनुसन्धानलाई निष्पक्ष बनाउने र दक्षता वृद्धि गर्न प्रचलित निजामती वा अन्य सेवाका कर्मचारी परिचालन गर्नु भन्दा संघीय संसद अन्तर्गत एक विशेष अनुसन्धान सेवाको व्यवस्था गर्ने । त्यस्तो सेवाका अधिकृतहरु संवैधानिक अंग तथा अन्य अनुसन्धान आवश्यक पर्ने अन्य स्वतन्त्र निकाय तथा संस्थाहरुबाट गर्नुपर्ने अनुसन्धानका लगि त्यस्तो सेवाका अधिकृतहरुको प्रयोग गर्ने व्यवस्था  गर्ने,
  4. **"अनुचित कार्य" सम्बन्धमा:** अनुचित कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट झिकिएको र अहिलेसम्म यस कार्य लागि कुनै निकाय वा संयन्त्रको क्षेत्राधिकारभित्र पर्ने गरी कुनै कानूनी व्यवस्था र संरचना नभएको अवस्थामा यसबाट सिर्जित कानूनी रिक्ततालाई मध्येनजर गरी अनुचित कार्यका विषयलाई संवोधन गरी छुट्टै कानूनी प्रवन्ध गर्ने" लगायतका विषयमा थप सुझाव प्रस्तुत गर्नुभएको।

- **माननीय श्री डोल प्रसाद अर्यालले,**

  1. भ्रष्टाचार जन्य अपराधमा 'टेलिफोन रेकर्ड' , सामाजिक सन्जाल मा प्राप्त अडियो, भिडियो वा फोन रेकर्ड, फोन मासेज वा इन्क्राइप्टेड यन्त्र बाट प्राप्त म्यासेज, सिसी टिभी फुटेज , लिखत तथा दस्तावेज , तस्विर लाई सर्वोच्च अदालतले प्रमाण मान्नु पर्ने,
  2. बैंक ले मुल्याङ्कन गरेको घर जग्गा वा त्यस्तो अचल सम्पत्तीलाई बजारले तय गरेको मुल्यलाई उक्त सम्पत्ती को वास्तविक मुल्य मान्नु पर्ने ।
  3. अख्तियारमा न्युक्त हुने आयुक्त वा आयुक्तहरूको बिगत को पृष ठभूमीलाई पब्लिक अडिट गरेर मात्र नियुक्त गरिनु पर्ने , लगायतका व्यवस्था गर्न उल्लेख गर्नुभएको ।

**क्र.स. १ देखि 109 सम्मका संशोधनहरू छलफलका लागि स्वीकृत ।**

........................

**(देवराज घिमिरे)**

**सभामुख**